मिति :- २०८१/०३/०६ गते
समय :- दिउँसो ठीक २:०० बजेदेखि
स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ३४ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प वादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (त्रि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य
देव बहादुर बटाला - प्रशासन सहायक -

मिति २०८१/०३/०६ गतेको नगर कार्यपालिकाको ३४ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने । | |
| ३ | नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको मस्यौदालाई स्वीकृत गरी २०८१ असार ०७ गतेदेखि बोलाइएको नगरसभामा पेस गर्ने । | |
| ४ | बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमको मस्यौदालाई स्वीकृत गरी २०८१ असार ०७ गतेदेखि बोलाइएको नगरसभामा पेस गर्ने । | |
| ५ | विनियोजन विधेयक, २०८१ स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको विनियोजन विधेयक, २०८१ स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने । | |
| ६ | आर्थिक विधेयक, २०८१ स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक विधेयक, २०८१ स्वीकृत गरी नगरसभामा पेस गर्ने । | |
| ७ | मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने । | |
| ८ | लेखासमिति गठन र सञ्चालन नियमावली, २०८१ स्वीकृतिका लागि नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको लेखासमिति गठन र सञ्चालन नियमावली, २०८१ स्वीकृतिका लागि नगरसभामा पेस गर्ने । | |
| ९ | झोलुङ्गेका लागि प्राविधिक सहयोगको सम्झौता सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) र सेवा प्रतिष्ठान, नेपालबीच झोलुङ्गे पुल निर्माण सम्बन्धी सम्झौता भइ कार्य सञ्चालन भएको र उक्त झोलुङ्गे पुल निर्माण गर्ने गैरसरकारी संस्थाको कार्यसम्पादन राम्रो भएकोले संस्थासँगको सम्झाताको बुँदा नं. ५.२ बमोजिम म्याद थप गर्ने । | |
| १० | चौरजहारी नगरपालिका गान तयार गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकामा औपचारिक कार्यक्रमको सुरुवातमा राष्ट्रियगान लगत्तै चौरजहारी नगरपालिकाको | |

शेर प्रसाद ढकाल
... अधिकृत

पुष्प वादी

CamScanner

| | | | |
|---|---|---|---|
| | | माटोप्रतिको माया र भक्तिभावलाई जागृत गर्न चौरजहारी नगरपालिका गान तयार गराउन सूचना प्रकाशन सूचना प्रकाशन गर्ने । | |
| ११ | अन्तरजातीय विवाह गर्ने जोडीलाई सम्मान गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहनसहित सम्मान गर्ने स्वीकृत बजेट तथा कार्यक्रमअनुसार वडा कार्यालयको सिफारिससहित निवेदन पेस हुन आएकोले रु. १ लाख नगदसहित सम्मान गर्ने । | |
| १२ | विविध समसामायिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | मिति २०८० कार्तिक १७ गते राति जाजरकोट रामीडाँडा केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण निजी आवास तथा सार्वजनिक संरचनामा समेत क्षति पुगेकोले अस्थायी आवास अनुदान कार्यविधि, २०८० बमोजिम भूकम्प पीडित परिवारहरूलाई अस्थायी आवास अनुदानका लागि पेस गरिएका कागजातहरू विपद् पोर्टलमा अनलाईन इन्ट्रि कार्यमा अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई भुक्तानी दिने । | |

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुण्य वादी
नगर प्रमुख

CamScanner

**मिति २०८१/०३/०६ गतेको ३४ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू**

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ को **'नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा चौरजहारी नगरपालिकाको नीति तथा कार्यक्रमलाई चौरजहारी नगरपालिकाको सापेक्षतामा स्तरीय, जनमुखी र परिणामुखी बनाउन सरोकारवालाहरूको समेत सहभागीमा प्राप्त सुझावहरूसमेत समावेश गरी तयार गरिएको नीति तथा कार्यक्रमको मस्यौदालाई स्वीकृत गरी २०८१ असार ०७ गतेदेखि बोलाइएको नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमसँग अन्तरसम्बन्धित हुने गरी चौरजहारी नगरपालिका क्षेत्रभित्रको समग्र आवश्यकता र जनअपेक्षा बढीभन्दा बढी सम्बोधन गर्ने गरी सरोकारवालका प्राप्त सुझावसमेतलाई समेटी तयार गरिएको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमको मस्यौदा स्वीकृत गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम नगर उपप्रमुख ईश्वरीकुमारी शर्मा बि.एम्. ले आगामी सभामा बजेट पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'विनियोजन विधेयक, २०८१ स्वीकृत गरी नगरसभामा पेस गर्नेसम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र विनियोजन गर्न यस चौरजहारी नगरपालिकाको विनियोजन विधेयक, २०८१ स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'आर्थिक विधेयक, २०८१ स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वनयको लागि स्थनीइ कर तथा शुलक सङ्कलन गर्ने, छुट दिने र आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्ने उद्देश्यले तयार गरिएको चौरजहारी नगरपालिकाको आर्थिक विधेयक, २०८१ स्वीकृत गरी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

शेर प्र[illegible] टकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प बादी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ७ : प्रस्ताव नं. ७ 'मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सार्वजनिक खर्च प्रणाली वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्त्व, विकास योजनाहरूको प्राथमिकताको क्षेत्रमा लगानी सुनिश्चता, स्रोत साधनको विनियोजन प्रक्रियाको पुर्नसंरचना र प्राथमिकता निर्धारण, सार्वजनिक खर्चलाई प्रभावकारी र कुशल बनाउनका लागि तयार गरिएको यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ देखि २०८३/०८४ को मध्यकालीन खर्च संरचना स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ : प्रस्ताव नं. ८ 'लेखासमिति गठन र सञ्चालन नियमावली, २०८१ स्वीकृतिका लागि नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा महालेखापरिक्षकले औंल्याएको बेरुजु फर्छ्यौट, त्यसउपर छानबिन लगायत विभिन्न सार्वजनिक खर्च सञ्चालनलाई मितव्यी, पारदर्शिता र जवाफदेहिता कायम गर्ने कार्यलाई व्यवस्थित गर्न तयार गरिएको लेखासमिति गठन र सञ्चालन नियमावली, २०८१ स्वीकृतिका लागि आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ : प्रस्ताव नं. ९ 'झोलुङ्गेका लागि प्राविधिक सहयोगको सम्झौता सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) र सेवा प्रतिष्ठान, नेपालबीच झोलुङ्गे पुल निर्माणसम्बन्धी कार्यमा समुदायलाई सामाजिक तथा प्राविधिक सहयोग प्रदानका लागि २०७७ जेठ २५ गते ४ वर्षका लागि सम्झौता भएकोमा हालसम्म उक्त गैरसरकारी संस्थाको कार्यसम्पादन राम्रो भएकोले उक्त सम्झाताको बुँदा नं. ५.२ बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. १० : प्रस्ताव नं. १० 'चौरजहारी नगरपालिका गान तयार गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकामा औपचारिक कार्यक्रमको सुरुवातमा राष्ट्रियगान लगत्तै चौरजहारी नगरपालिकाको माटोप्रतिको माया र भक्तिभावलाई जागृत गर्न चौरजहारी नगरपालिका गान तयार गरी गाउने व्यवस्था मिलाउने। त्यसका लागि सात दिनेको सूचना प्रकाशन गरी उत्कृष्ट छनोट गरी सङ्गीतसहित नगरपालिका गानलाई अन्तिम रूप दिने निर्णय गरियो।

**निर्णय नं. ११ : प्रस्ताव नं. ११ 'अन्तरजातीय विवाह गर्ने जोडीलाई सम्मान गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहनसहित सम्मान गर्ने स्वीकृत बजेट तथा कार्यक्रमअनुसार यस चौरजहारी नगरपालिका वडा नं. २ निवासी मोतिराम परियारको छोरा लोकेन्द्र परियार र परिवर्तन गाउँपालिका-३, रोल्पा निवासी चन्द्रबहादुर खत्रीको छोरी खुमा के.सी. बिच २०८१ जेठ ८ गते विवाह भएको भनि वडा कार्यालयको सिफारिससहित निवेदन पेस हुन आएकोले रु. १ लाख नगदसहित सम्मान गर्ने निर्णय गरियो।

शेरप्रसाद ढेकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प दाहाल
नगर प्रमुख

CamScanner

**निर्णय नं. १२ : प्रस्ताव नं. १२ 'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा २०८० कार्तिक १७ गते राति जाजरकोट रामीडाँडा केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण निजी आवास तथा सार्वजनिक संरचनामा समेत क्षति पुगेकोले अस्थायी आवास अनुदान कार्यविधि, २०८० बमोजिम भूकम्प पीडित परिवारहरूलाई अस्थायी आवास अनुदानका लागि पेस गरिएका कागजातहरू विपद् पोर्टलमा अनलाईन इन्ट्रि कार्यमा अतिरिक्त समयमा काम गरे वापत प्रति फाइल रु. २० का दरले प्रविष्टी सङ्ख्याका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।**

[illegible]
नि. प्रमुख प्रशासकीय अधिकृत

[illegible]
नगर प्रमुख